# अन्नपुर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी, कास्की

## नदीजन्य सामाग्री ढुङ्गा, वालुवा, गिट्टि, रोडा आदिको निकासी बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/११/१८ गते)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११'क' को व्यवस्था अनुसार यस कार्यालयको मिति २०८२/११/१५ गते को निर्णय बमोजिम अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्रको अधेरीखोला र घट्टेखोलाको तोकिएको बगरहरुबाट नदिजन्य प्रदार्थ उत्खनन तथा संकलन कार्य प्रारम्भीक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) ले औल्याएको परिमाण भित्र रही नदिजन्य पदार्थ उत्खनन, घाट गद्दी पश्चात गाउँपालिकाले तोकेको दरमा बोलपत्र बन्दोवस्तको माध्यमवाट विक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म, कम्पनीले तोकिएको अंकमा नघट्ने गरी तपशिल वमोजिमको शर्तहरुको अधीनमा रही विधुतीय बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| बोलपत्र नं./नाम | ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा बिक्रि वितरण गर्ने बगर र परिमाण (घन मिटर) | | न्यूनतम बोलपत्र रकम रु.(मू.अ. कर र आयकर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| ARM/NCB/ REVENUE/ 2082/82-01 | अधेरीखोला क्षेत्र | ७२०० | १७,७८,४०० | ५% कबोल अंकको | ३०००/- |
| ARM/NCB/ REVENUE/ 2082/82-02 | घट्टेखोला क्षेत्र | ३८२५ | ९,४४,७७५ | ५% कबोल अंकको | ३०००/- |

**शर्तहरु:**

१. ईच्छुक फर्म, कम्पनीले मिति २०८२/१२/१८ अपरान्ह १२ बजे सम्म www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नु पर्नेछ ।

२. बोलपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम यस कार्यालयको तपशिल बमोजिमको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।
**नाम :** अन्नपुर्ण गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय
**बैंक :** NIC ASIA Bank लिमिटेड अन्नपुर्ण शाखामा
**धरौटी खाता नं.** I-1-CA-051-227-85-2405
**आन्तरीक राजस्व खाता नं.** 1812050028919002

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी, फर्म दर्ता, नवीकरण, आ.व. २०८१/८२ को करचुकता,बोल पत्रको दस्तुर र धरौटी रकमको भौचरको सहित खामबन्दी गर्नुपर्नेछ ।

४. रीतपूर्वक पर्न आएका बोलपत्रपत्रहरु मिति २०८२/१२/१८ दिनको १ बजे बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्र दाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

५. नदिजन्य पदार्थहरु बगरलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७. रीत नपुगी पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन ।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र स्वीकृत भएमा सो को सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई बोलपत्र अंकको प्रथम किस्तावापत ५० प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८३ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ ।नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर व्यवसायीले छुट्टै बुझाउनु पर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्रमा कबोल रकम असुलगर्ने बन्दोवस्त गरिनेछ ।

१०. नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, अन्नपुर्ण गाउँपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, सङ्कलन तथा घाटगद्दी सम्बन्धी गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग रहनेछन् ।

११. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

**नोट:** विस्तृत जानकारीको लागि यस कार्यालयको website: https://annapurnamunkaski.gov.np/ www.bolpatra.gov.np/egp मा समेत हेर्न सकिनेछ ।